# दक्षिण एशियामा कार्वन न्यूनिकरण एवं विपन्न केन्द्रित दिगो वातावरणमैत्री गाऊँ विकासका लागि स-प्रमाण पैरवी

## नेपालको काभ्रेपलाञ्चोक जिल्लामा वातावरणमैत्री गाऊँ विकास अवधारणा बारे प्रमाण सहितको पैरवी

वातावरणमैत्री गाऊँ विकास, विद्यमान गाउँहरुमा, कार्वन उत्सर्जन कम गर्ने समुदायहरु निर्माण गर्ने विकास केन्द्रित एउटा एकिकृत अवधारणा हो । यस अवधारणाले उर्जा, खाद्यान्न, पानी, तथा जीवीकोपार्जन सुरक्षाका लागि ग्रामीण क्षेत्रहरुमा उपयुक्त, किफायती नविकरणीय उर्जा प्रविधिहरुलाई एकिकृत रुपमा समावेश गर्दछ । यस अवधारणाले, जीवीकोपार्जका अझ राम्रा अवसरहरुको सिर्जना सगैं जलवायु परिवर्तनका नकारात्मक असरहरुको न्यूनिकरण सहित जलवायु प्रतिरोधी एउटा सशक्त ग्रामीण समुदाय निर्माण गर्नमा मार्ग निर्देश गर्दछ । ग्रामीण प्रविधि केन्द्रले काभ्रे जिल्लाका च्यामऱ्याङबेसी, ढुंङखर्क र चलाल गणेशस्थान सहितका तीनवटा गाउँहरुमा वातावरणमैत्री गाऊँ विकास (EVD) परियोजना कार्यान्वयन गर्दै आएको छ । यस परियोजना कार्यान्वयनमा, जिल्ला समन्वय समिति काभ्रे संगको समन्वय एवं जिल्ला साझेदार संस्था घट्टधनी संघ काभ्रे तथा जिल्ला कृषि विकास कार्यालय काभ्रे, लगायतका सम्बन्धित क्षेत्रका स्थानीय निकायहरुसंगको सहकार्य रहेको छ ।



गणेशस्थान चलालकी रुपा तामाङले आकासे पानीलाई संकलन गर्ने प्रणाल जडान गरेपछि पानीको अभाव हुने समयमा दैनिक रुपमा आवश्यक पर्ने पानीको आपूर्ति गर्न सक्षम भएकी छिन् । हाल उनी बस्दै आएकी अस्थायी टहरामा परेको पानी संकलन गर्दछिन् र संकलित पानीलाई प्लाष्टिकको ट्याङ्कीमा जम्मा गर्दछिन् । साथै उनले प्लाष्टिक प्रयोग गरी पोखरी बनाउने विधि पनि सिकेकी छिन् । उनी, उक्त पोखरीमा वर्षातमा परेको पानी साथै सामुदायिक पानी आपूर्ति स्रोतबाट खेर गएको पानीलाई संकलन समेत गर्दछिन् । यसरी जम्मा भएको पानीलाई करेसाबारीमा लगाइएको तरकारीमा प्रयोग गर्दछिन् । जसले गर्दा उनले तरकारी किन्न नपरेको मा उनी निकै खुशि छिन् । यति मात्र नभएर उनले लगाएको तरकारी आफूलाई बढि भएमा बेचेर केहि पैसा समेत कमाउने गरेकी छिन् ।

### परियोजनाको साझेदार संस्थाहरु (सन् २०१५-२०१७)

**क्षेत्रिय संयोजक**
- इन्फोर्स-दक्षिण एसिया / INSEDA - भारत
- क्लाइमेट एक्सन नेटवर्क साउथ एसिया (CANSA)

**राष्ट्रिय साझेदार संस्थाहरु**
- इन्टिग्रेटेड् डेभलपमेन्ट् एसोसिएसन् (IDEA) - श्रीलंका
- ग्रामीण प्रविधि केन्द्र (CRT/N) - नेपाल
- ग्रामीण शक्ति-बंगलादेश
- विइमन्स एक्सन फर डेभलपमेन्ट (WAFD) - भारत

**परियोजना संयोजक**
- डेनिस् ह्युमन सेटलमेन्ट सर्भिस (DIB) - डेनमार्क
- इन्टरनेसनल नेटवर्क फर सस्टेनेवल इनर्जि (INFORSE)

**दातृ संस्थाहरु**
- सिभिल सोसाईटि इन डेभलपमेन्ट (CISU)





वातावरणमैत्री गाऊँ विकास परियोजनाको निर्धारित उद्देश्य सगैं, वीर बहादुर तामाङ्गले जीवनस्तर उकास्न मद्दत पुऱ्याउने विभिन्न किसिमका समाधानहरु बारे ज्ञान पाए । नवीकरणीय उर्जा लगायत जलवायु परिवर्त अनुकुलन तथा न्युनिकरण जस्ता विषयबारे गरिएको जनचेतना कार्यक्रमबाट वीर बहादुर तामाङ्गले स्थानीय स्तरमा उपलब्ध भएका स्रोत साधनको वातावरणमैत्री रुपमा प्रयोग गरी आफ्नो जीवनस्तर उकास्न सक्षम भएका छन् । यति मात्र नभएर जैविक विधिद्वारा वेमौसमि गोलभेडा तथा सुरक्षित खाद्यान्न उत्पादन गर्नको लागि उनले आफ्नो छोरा सुमित तामाङ्गलाई समेत टनेल मा आधारित खेती गर्ने प्रविधि बारे क्षमता विकास तालिममा सहभागी हुन प्रेरित गरे ।